# प्रेस विज्ञप्ति

काठमाण्डौ, भदौ २१

नेपाल सरकार र जनवादी गणतन्त्र चीन सरकारबीच २०१६ मा सम्पन्न भएको पारवहन सम्झौताको प्रोटोकलको तेश्रो परामर्श बैठक यही भदौ १९- २१ मा काठमाण्डौमा सम्पन्न भयो। उक्त बैठकमा नेपाली पक्षको नेतृत्व उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सह सचिव श्री रवि शंकर सैंजु र चीनियाँ पक्षको नेतृत्व यातायात सेवा विभाग, यातायात मन्त्रालयका महानिर्देशक Mr. WANG Suiping ले गर्नुभएको थियो।

बैठकमा तेश्रो मूलूकबाट चीन हुँदै नेपालमा वस्तु आयात गर्दा प्रयोग हुने Tianjin, Shenzhen, Lianyungang, Zhanjiang लगायतका खुला सामुद्रिक बन्दरगाहहरु, Lanzhou, Lhasa, Xigatse लगायतका सुख्खा बन्दरगाहहरु र ती बन्दरगाहहरुबाट नेपालसम्म आउने उपयुक्त मार्ग, भन्सारसँग सम्बन्धित प्रक्रिया, यातायातको माध्यम, ढुवानी प्रक्रिया लगायतका पारवहन सम्बन्धी विविध विषयहरुमा सौहार्द्रपूर्ण वातावरणमा छलफल भई प्रोटोकलको मस्यौदालाई अन्तिम रुप दिइएको छ।

बैठकमा नेपालको तर्फबाट उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, परराष्ट्र मन्त्रालय, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, भन्सार विभाग, नेपाली राजदूतावास,बेइजिङ् र अन्य सम्बन्धित निकायहरुका पदाधिकारीहरुको सहभागिता रहेको थियो। त्यसैगरी चीनियाँ पक्षको तर्फबाट यातायात मन्त्रालय, परराष्ट्र मन्त्रालय, इन्जिनियरिङ् सुपरभिजन विभाग, नेश्नल रेलवे एडमिनिस्ट्रेशन, लगायतका अन्य सम्बन्धित निकायका पदाधिकारीहरुको सहभागिता रहेको थियो।

नेपाली पदाधिकारीहरुको समन्वयमा २०७५ भदौ १९ गते चीनियाँ पक्षका पदाधिकारीहरुले पृथ्वी राजमार्गको अवलोकन गर्नुभएको थियो।